आज मिति २०८२ साल आश्विन १ गते विहान ८:०० बजे बुधबारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ६० औ कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यू को अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

उपस्थिति

| क्र सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| आमन्त्रित कर्मचारीहरु | | | | |
| १ | श्री नेम बहादुर खत्री | योजना शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री छविजंग मल्ल | आर्थिक प्रशासन शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| ३ | ई श्री पवन कुमार कार्की | पूर्वाधार विकास शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ५ | श्री लोकेन्द्र वहादुर भण्डारी | लेखा अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ६ | श्री प्रकाश कोइराला | रोजगार सेवा केन्द्र प्रमुख | ठाँटीकाँध गापा दैलेख | |

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२/०६/०१ गतेको ६० औं गाउँ कार्यपालिका वैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

प्रस्ताव नं.१

जेनजी युवा पुस्ताको आव्हानमा भएको आन्दोलनका क्रममा दिवंगत भएकाहरुप्रति श्रद्धाञ्जलि र घाइतेहरुको स्वास्थ्यलाभको कामना सहित शोक विदा अनुमोदन सम्वन्धमा ।

प्रस्ताव नं २

दशैं तिहार पूर्व वडा स्तरिय सडक मर्मत सुधार गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ३

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने योजना छनोट सम्वन्धमा ।

प्रस्ताव नं. ४

गत आ व २०८१।०८२ वार्षिक प्रगति समिक्षा सम्वन्धमा ।

प्रस्ताव नं ५

विजया दशैं,तिहार,नेपाल सम्वत ११४६ प्रारम्भ र छठपर्वका अवसरमा शुभकामना सम्वन्धमा ।

निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं १ माथि छलफल गर्दा मिति २०८२।०५।२३ र २४ गतेका दिन जेन्जी पुस्ताका नेपाली युवाहरुद्वारा आयोजित आन्दोलनका क्रममा काठमाण्डौ उपत्यका लगायत मुलुकका विभिन्न स्थानहरुमा भएको प्रदर्शनमा दिवंगत हुनुभएका सम्पूर्ण नागरिकहरुप्रति श्रद्धाञ्जलि व्यक्त गर्ने र शोकाकूल समस्त परिवारजनमा समवेदना प्रकट गर्ने,घटनामा घाइते भएका सवै नागरिकहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुका साथै यस गाउँपालिकावाट मिति २०८२।०५।२५ मा गरिएको शोक विदा सम्वन्धी सूचनालाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा आशन्न दशैं तिहार जस्ता चाडपर्व समेतलाई मध्येनजर गरी यस गाउँपालिकाका वडा स्तरीय सडकहरु मर्मत सुधारका लागि चालु आ व मा विनियोजित वडा स्तरीय वजेट र कार्यक्रममा समावेश भए अनुसार वडा समितिको निर्णय वमोजिम तोकिएका वडाका पुराना सडकहरु मर्मत सुधार गरी यातायातलाई सहज वनाउन वर्षायाम सकिने वित्तिकै काम शुरु गर्ने गरी वडा कार्यालयसँगको समन्वयमा आवश्यक प्रवन्ध मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।सडक मर्मत सुधारको कार्य गर्दा दैलेख जिल्लाको चालु आ व २०८२।०८३ का लागि निर्धारित न्यूनतम् दररेटमा प्राविधिक लागत अनुमान तयार गरी दरभाउपत्रका माध्यमवाट निर्माण व्यावसायी मार्फत प्रतिघण्टा र कामको परिमाण समेतका आधारमा कार्यसञ्चालन र भुक्तानी गर्ने निर्णय गरियो ।

६

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा चालु आ व २०८२।०८३ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकालाई प्राप्त संघीय सरकारको अनुदान रु ३५ लाख ७२ हजार र गाउँपालिकाको लागत साझेदारी रु ३५ लाख ७२ हजार गरी जम्मा रु ७१ लाख ४४ हजारवाट कार्यान्वयन हुने गरी देहायका योजना तथा कार्यक्रम छनोट गर्ने निर्णय गरियो ।

तपसिल

| क सं | योजना तथा कार्यक्रमको नाम | योजनास्थल | जम्मा विनियोजित रकम रु |
|---|---|---|---|
| १ | ठाटिकाँध बजारस्थित टेक बहादुर थापाको घरको पूर्वपट्टि केश थापाको जग्गा हुँदै कृष्ण मा वि को दक्षिणपट्टिको खोल्सीसम्म ढल निकासका लागि पक्की नाला निर्माण गर्ने र सो भागमा रहेको परम्परागत सार्वजनिक वाटोको निकास योजना | ठाटिकाँध गा पा १ दैलेख | १० लाख |
| २ | नुवावन वर्थिङ सेन्टर भवन निर्माण | वडा नं १ | १० लाख |
| ३ | वडा कार्यालय फिल्ड निर्माण | वडा नं २ | १० लाख |
| ४ | तल्लाछाना गोठीखोला वाहाकोट पैदल मार्ग निर्माण | वडा नं ३ | १० लाख |
| ५ | वडा कार्यालयको संरक्षणका जाली लगाउने र फिल्ड निर्माण योजना | वडा नं ४ | १० लाख |
| ६ | चगत्रा खानेपानी मर्मत तथा कुण्ड निर्माण योजना | वडा नं ५ | १० लाख |
| ७ | सामुदायिक वहुद्देश्शीय संस्याको भवन निर्माण | वडा नं ६ | १० लाख |
| ८ | कामदारका लागि सुरक्षा सामग्री खरिद | गाउँपालिका | १ लाख ४४ हजार |
| | जम्मा रकम रु | | ७१४४००० |

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिकाको गत आ व २०८१।०८२ को वार्षिक प्रगति समीक्षा मिति २०८२ साल असोज २२ देखि २४ गतेसम्म गर्ने र उक्त समीक्षा कार्यक्रमका लागि गाउँपालिकाका सवै विषयगत शाखाहरु,वडा कार्यालयहरु,स्वास्थ्य संस्थाहरु र गाउँपालिकामा कृयाशील सवै गैरसरकारी संस्थाहरुलाई आआफ्नो प्रतिवेदन प्रस्तुतिका लागि आमन्त्रण गर्ने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा वि. सं. २०८२ सालको आशन्न विजया दशैं,तिहार,नेपाल सम्वत् ११४६ प्रारम्भ र छठपर्वका अवसरमा ठाटीकाँध स्थित निर्वाचित जनप्रतिनिधि,राजनीतिक दल,शिक्षक विद्यार्थि,किसान मजदुर वर्ग लगायत सम्पूर्ण जनसमुदायमा सुख, शान्ति र समृद्धिको कामना सहित शुभकामना प्रकट गर्ने निर्णय गरियो ।

ठाटीकाँध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दैलेख

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत